राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्र वहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०७०/३/१३ मा बसेको बैठकमा भएका छलफल तथा निर्णयहरु :

१. छलफलमा प्रस्तुत आगामी तेह्रौ योजना (२०७०/७१-२०७२/७३) को आधारपत्रको मस्यौदा राष्ट्रिय विकास परिषद्को बैठकमा प्रस्तुत गरी छलफल गर्ने ।

२ राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश २०६७ को दफा १० अनुसार देहायका आधारमा राष्ट्रिय विकास परिषद् पुर्नगठन गर्ने ।

| | | |
|---|---|---|
| (क) | मन्त्रिपरिषदका अध्यक्ष एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष | अध्यक्ष |
| (ख) | रा.यो.आ. का माननीय उपाध्यक्ष डा. रवीन्द्र कुमार शाक्य | उपाध्यक्ष |
| (ग) | सवै विभागीय मन्त्री | सदस्य |
| (घ) | राजनैतिक दलहरूका अध्यक्ष/सभापति संलग्न अनुसुची (१) अनुरूप | सदस्य |
| (ङ) | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| (च) | अर्थ सचिव | सदस्य |
| (छ) | नेपाल राष्ट्र वैङ्कका गर्भनर | सदस्य |
| (ज) | विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा योगदान व्यक्तिहरू मध्येवाट संलग्न अनुसूची (२) अनुसार ३५ जना | सदस्य |
| (झ) | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य सचिव |

३. राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश २०६३ को दफा ११ (५) अनुसार सम्वद्ध पदाधिकारीहरूमा अनुसूची (३) वमोजिमका महानुभावहरूलाई राष्ट्रिय विकास परिषद्को वैठकमा आमन्त्रित सदस्यका रूपमा समावेश गर्ने ।

४. राष्ट्रिय योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०६७ को दफा (५) अनुसार विभिन्न क्षेत्रका अनुसूची ( ४) वमोजिमका महानुभावहरूलाई विशेषज्ञको रूपमा राष्ट्रिय विकास परिषद्मा सहभागी गराउने ।

५. राष्ट्रिय विकास परिषद्को बैठक मिति २०७०/०३/२१ र २२ गते काठमाडौमा आयोजना गर्ने ।